JMC Research Journal
Vol.14, No. 1
DOI: https://doi.org/10.3126/jmcrj.v14i1.92842

# आधारभूत तहको पठन सिपगत सक्षमताले उच्च शिक्षाको गुणस्तरमा पार्ने प्रभाव

**रमेश भट्टराई**
जनज्योति बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
bhattarai 353@gmail.com
ORCID : 0009-0001-6556-8591

## लेखसार

*औपचारिक अध्ययनमा सिकाइको मुख्य आधार सुझबुझयुक्त पठन सिप हो । आधारभूत तहको पूर्वज्ञानलाई रूपान्तरण र विस्तार गर्दै माथिल्लो तहमा स्तरवृद्धि गराउन पठनप्रवाह र पठनबोध अत्यावश्यक हुन्छ । तल्लो कक्षामा गरिने वर्ण, शब्द र वाक्यको पठनबोध अभ्यासले माथिल्लो कक्षाको रचनात्मक, सिर्जनात्मक क्षमतामा प्रत्यक्ष सहायता पुगेको हुन्छ । यसबाट पठनप्रवाह, शब्दभण्डार र पठनबोध क्षमता विकास भई समग्र शैक्षिक गुणस्तर सुधारमा मद्दत पुग्छ । यसरी विद्यालय शिक्षाको प्रभावकारी पठन सिपगत अभ्यासले उच्च शिक्षाको गुणस्तर सुधारमा सहायता पुग्छ भन्ने कुराको खोजी गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो । यस अध्ययनमा तीन जना विज्ञको धारणा तथा पुस्तकालयीय सामग्रीलाई आधार मानी गुणात्मक अनुसन्धान विधिमार्फत विश्लेषण गरिएको छ । अध्ययनमा विद्यालय तहबाटै सिकारुलाई यान्त्रिक र सतही पठनभन्दा फरक गहन र सार्थक पठनको व्यवस्थित र प्रभावकारी अभ्यास गराउनुपर्ने तर्क पेस गरिएको छ । तथ्यअनुसार पढाइ सिपबाटै सिकारुमा उच्चस्तरीय संज्ञानात्मक र संवादात्मक दक्षता विकास गर्न सकिन्छ । त्यस्तै पढाइमा कमजोर हुँदा गरिबीले समेत असर गरेको पाइयो । यस अध्ययनबाट आधारभूत तहको पठन सक्षमताले माथिल्लो तहमा आलोचनात्मक र तार्किक सोच, बौद्धिक कुशलता, प्रभावकारी बोध र अभिव्यक्ति क्षमता विकासमा प्रभाव पार्ने देखियो । नेपालमा उच्चस्तरीय जनशक्ति निर्माणको जग विकास गर्न तल्लो कक्षाको पढाइलाई ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठनप्रवाह, शब्दभण्डार, बोध र लेखाइको विश्वव्यापी अभ्यासअनुरूप कार्यान्वयन र विकास गर्नुपर्ने देखिएको छ । अतः उच्च शिक्षाका विद्यार्थीहरूमा आलोचनात्मक सोच विकास गर्न, विषयवस्तुको गहिरो ज्ञान ग्रहण गरी सङ्कथन निर्माण गर्न र उच्च शिक्षालाई गुणस्तरीय बनाउन आधारभूत तहको पठन सिपगत अभ्यासले प्रत्यक्ष रूपमा प्रभाव पार्छ भन्नु नै यो अध्ययनको मुख्य निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी:** पठनबोध, पठन संस्कृति, शैक्षिक क्षति, साक्षरता, सुझबुझयुक्त पढाइ, संज्ञानात्मक दक्षता ।

## पृष्ठभूमि

तहगत रिक्तताले गुणस्तर सुधारको क्रमिकतामा असर पर्छ । उच्च शिक्षाको गुणस्तर सुधारमा विद्यालय तहको शैक्षिक गुणस्तर सुधार मुख्य आधारभूमि हो । त्यसमा पनि आधारभूत तहको पठन सिपगत अवधारणा बढी वैज्ञानिक आधार हो किनभने आधारभूत तह सम्पूर्ण सिकाइको जग हो । सिकाइका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ मुख्य भाषिक सिप मानिन्छन् । यसका लागि मातृभाषाको माध्यमले बालसिकाइमा संज्ञानात्मक प्रभाव पर्ने (युनेस्को, सन् २००८) हुनाले पठनबोधले पढाइ सम्बन्धी रुचि विकास भई गुणस्तर सुधारमा प्रत्यक्ष प्रभाव पर्छ । यसमध्ये बालबालिकाको भाषिक दक्षता विकासमा सुझबुझयुक्त पढाइ सिप अत्यावश्यक देखिन्छ । तल्लो तहमै पठनप्रवाह र पठनबोधमा कमजोर भएका विद्यार्थीको सिकाइको जग कमजोर हुन्छ । यसर्थ विद्यालय तथा क्याम्पस छोड्नुको मुख्य कारक पनि तल्लो तहको पठनबोध क्षमतामा

कमजोर हुनु हो । यान्त्रिक पढाइबाट उच्चारण अभ्यास तथा विसङ्केतन भए पनि बोध क्षमतालाई प्रभावकारी बनाउन सामग्रीलाई बुझ्न सक्नुपर्छ (पराजुली, २०७४, पृ. ३-४) । यस सन्दर्भमा बालपठन सिपको विकाससँगै नेपालको शैक्षिक जग निर्माण सम्बन्धी नवीन मान्यता स्थापित गर्नु आवश्यक देखिन्छ ।

सिकारुमा बोध र अभिव्यक्ति क्षमता विकासमा पढाइ सिपलाई प्रभावकारी बनाउनुपर्ने अवधारणालाई प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (२०७०) ले अघि सारेको देखिन्छ । ध्वनि सचेतीकरण (Phonological Awareness), लेख्य वर्ण सचेतीकरण (Graphophonemic Awareness), पठन प्रवाह (Fluency), शब्द भण्डार (Vocabulary), बोध (Comprehension) र लेखाइ (Writing) लाई प्रभावकारी पढाइका मुख्य तत्त्व मानिन्छ (अधिकारी र अन्य, २०७४; अधिकारी र अन्य, २०७५; राई र अन्य, २०७३; शिक्षा विभाग, २०७४) । गुणस्तरीय शिक्षाको अर्थलाई प्राप्ताङ्कसँग मात्रै नजोडेर शैक्षिक सक्षमता र बौद्धिक उपलब्धिलाई पनि हेर्ने हो भने तल्लो कक्षाको पठन सिपगत दक्षताले माथिल्लो तहलाई एकीकृत ढाँचामा सहयोग गर्दै लैजान्छ । तल्लो कक्षामा अक्षर नचिनेको विद्यार्थीलाई माथिल्लो कक्षामा बोध र अभिव्यक्तिको अभ्यासमहित प्रभावकारी सक्षमता प्रस्तुत गर्न गाह्रो हुन्छ । यसर्थ भाषाका सिपहरूमा विद्यार्थीको उमेर, शैक्षिक तह वा कक्षा बढ्दै जाँदा थप परिमार्जित हुने हुँदा श्रवणकला, वाचनकला, पठनकला र लेखनकला (सोडारी, सन् २०२२, पृ. २२६) को विकास आवश्यक हुन्छ । वस्तुतः विद्यालय शिक्षाको गुणस्तर विकासले उच्च शिक्षाको गुणस्तर सुधारमा आधार प्रदान गर्दछ ।

अर्थपूर्ण तरिकाले उपयुक्त गतिमा पढाइ सिपको विकास भएको विद्यार्थीले भविष्यमा राम्रो सिकाइ उपलब्धि हासिल गर्न सक्छ । तल्लै तहमा पढाइ सिप कमजोर भएमा अन्य सबै विषयहरूमा सिकाइ कमजोर हुन्छ किनभने पढाइ नै सबै सिकाइको पूर्वाधार हो (अधिकारी र अन्य, २०७४, पृ. १) । पठन दक्षतामा कमजोरी भएपछि क्रमशः पठनबोध क्षमता विकासमा बाधा हुन्छ । पढाइप्रतिको रुचि घट्न थाल्छ । सिकाइको गुणस्तर कमजोर भई आफूलाई असक्षम सम्झने नकारात्मक मनोविज्ञानको प्रभावका कारण सिकारुमा सिकाइप्रतिको चाहना कमजोर बन्न पुग्छ । यसबाट राज्यले शैक्षिक क्षति बेहोर्नुपर्ने बाध्यता एकसाथ जोडिन पुग्छ । पठन अनुसन्धानलाई हेर्दा धाराप्रवाह पढ्न सक्ने र पढेको कुरालाई स्मरण गर्न सक्ने बालबालिकाहरूले नै आधारभूत सिप निर्माण गर्न सक्छन् र विद्यालय छोडिहाले पनि जटिल विषयवस्तुलाई समेत पढ्न सक्छन् (अबादजी, सन् २००६) । यसकारण तल्लो तहको पढाइ सिपलाई तुरुन्तै उपलब्धि हासिल हुने प्रक्रियाभन्दा पनि निरन्तर र क्रमिक प्रक्रियाका रूपमा विकास गर्दै लैजानुपर्ने देखिन्छ । उच्च शिक्षाको शैक्षिक गुणस्तर विकासमा विद्यालयीय शिक्षासँगको अन्तरसम्बन्ध स्थापित तुल्याउने हो भने तल्लो तहबाटै पठन सिप विकासको अवधारणालाई व्यवस्थित बनाउनु आवश्यक देखिन्छ । पढाइ सिपले सिकाइका सबै क्षेत्रलाई सहज र सुबोध्य बनाउने हुनाले आधारभूत तह (कक्षा १-३) का विद्यार्थीहरूमा अन्य सिपले भन्दा यो सिपले बढी भूमिका निर्वाह गर्दछ (भट्टराई, २०८१ क, पृ. १७) । यसर्थ यस अध्ययनमा उच्च शिक्षाको गुणस्तर विकासका सवालहरूमा आधारभूत तहको प्रभावकारी पठन सिपगत प्रभाव रहन्छ भन्ने कुरालाई दाबी गरिएको छ। सिकाइको सम्बन्ध मुलुकको विकाससँग र पठन सिपको सम्बन्ध सिकाइको जग निर्माणसँग जोडिने भएकाले यस अध्ययनलाई उच्च शिक्षाको गुणस्तर निर्माणमा आधारभूत तहको पठन सिपगत विकासमा केन्द्रित गर्नुपर्ने अवधारणामा सीमित तुल्याइएको छ ।

## अध्ययनको उद्देश्य

यो अध्ययन आधारभूत तहको पठन सिपगत सक्षमता विकासले उच्च शिक्षाको गुणस्तरमा प्रभाव पार्न सक्छ भन्ने विषयमा केन्द्रित छ । यो सन्दर्भ नेपालमा वि.सं. २०७० सालमा शिक्षा मन्त्रालयले आधारभूत तह (कक्षा १-३) मा लागु गरेको पठन सिप विकासको नवीन अवधारणामा आधारित छ । यसर्थ यस अध्ययनमा

उच्च शिक्षाको गुणस्तर सुधारको सामीप्यताको खोजी गरिएको छ । अतः आधारभूत तहको पठन सिपगत सक्षमताले उच्च शिक्षा (स्नातक तह र सोभन्दा माथि) को गुणस्तर सुधारमा पार्ने प्रभावलाई निर्क्योल गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो ।

## अध्ययन विधि र प्रक्रिया

यस लेखमा विद्यावारिधि अध्ययनका सन्दर्भमा सङ्कलन गरिएका तीन जना विज्ञका धारणामध्ये केही सान्दर्भिक विचारलाई उपयोग गरिएको छ । यसमध्ये पाठ्यक्रम विज्ञ तथा प्रारम्भिक कक्षा पढाइका जानकार एक जनालाई 'विज्ञ एक', प्रारम्भिक कक्षा पढाइ कार्यक्रममै संलग्न भएका एक जनालाई 'विज्ञ दुई' र प्रारम्भिक कक्षा पढाइका क्षेत्रमा रहेर अनुसन्धानात्मक कार्यमा संलग्न एक जनालाई 'विज्ञ तीन' का रूपमा छनोट गरी अन्तर्वार्तामार्फत प्राप्त तथ्यलाई प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । यसमा गुणात्मक अनुसन्धान विधिअन्तर्गत सैद्धान्तिक र पूर्वतथ्यको समीक्षामा आधारित व्याख्या विश्लेषण प्रक्रियालाई अपनाइएको छ । साथै आधारभूत तहको पठन सिप र उच्च शिक्षाको गुणस्तर सुधारबिचको सम्बन्धमा मात्रै केन्द्रित भएर वैचारिक तथ्यका आधारमा समीक्षा गरिएको छ। यो लेख जनमैत्री बहुमुखी क्याम्पस, काठमाडौँले आयोजना गरेको 'पहिलो अन्तर्राष्ट्रिय सम्मेलन, सन् २०२५' मा प्रस्तुत 'सम्मेलन-पत्र' मा केन्द्रित छ ।

## समीक्षा र निष्कर्ष

विश्वस्तरको ज्ञानको प्रतिस्पर्धामा नवउदारवादी विश्वप्रतिस्पर्धाको प्रभाव छ । वालरस्टाइन (सन् २०१५) का अनुसार सन् १९९० पश्चात् ज्ञानको विश्वव्यापीकृत प्रतिस्पर्धा फस्टायो । मस्तिष्कीय मन्थनको विकाससँगै ज्ञानको दायरा फराकिलो बन्दै गयो । नेपालको सन्दर्भमा चाहिँ बितेका चार दशकयताबाट उदारीकरणसँग सामाजिक व्यवस्थामा परिवर्तन आएको देखिन्छ। बढ्दो सहरीकरण, विप्रेषण आय र घरजग्गाको मूल्य वृद्धि यसको मुख्य कारण बनेको पाइन्छ । सन् १९५० तिरको मध्यम वर्गमा शिक्षाले भूमिका खेलेको थियो भने अहिले उद्यमशीलता र व्यावसायिकता थप आधार बनेका छन् । उपभोग संस्कृतिको विस्तार भएको छ (आचार्य, २०७६, पृ. ४१) । अहिलेको समय चेतनाको व्यापार हुने समय हो । यसर्थ उच्च शिक्षालाई उद्यमशीलतासँग जोड्ने उपायको खोजी गर्ने हो भने मात्रै परिणाममुखी शिक्षाको जग निर्माण सम्भव हुन्छ ।

**आवश्यकतामा आधारित सिकाइ**ः नेपालमा तल्लो तहलाई प्रभावकारी र रूपान्तरणमुखी बनाउनु नै शिक्षा सुधारको पहिलो खुट्किलो हो । सिकाइलाई रुचिकर र व्यावहारिक बनाउन शिक्षण प्रक्रियालाई प्रभावकारी बनाइनुपर्छ । प्रविधिसँग सिकाइलाई जोड्दै नवीनतम आधारलाई अपनाउने रचनात्मक चिन्तनको खोजीमा अनुसन्धान र प्रयोग गर्दै जानुपर्छ । नेपालको सन्दर्भमा विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७९/०८०) मार्फत शिक्षाको गुणस्तर सुधारका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई अघि बढाउन जोड दिएको थियो । यसरी नै नेपाललाई वि.सं. २०७९ (सन् २०२२) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्ने अपेक्षा गरेको देखिन्छ । त्यस्तै सोह्रौं पञ्चवर्षीय योजना (आ.व. २०८१/०८२-२०८५/०८६) ले वि.सं. २१०० सम्ममा नेपालमा 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन राष्ट्रिय लक्ष्य पूरा गर्ने अपेक्षा राखेको छ । यसका लागि पनि शिक्षाको अन्तरसम्बन्धलाई दिगो विकास र उद्यमशीलतासँग जोडेर आपसी समन्वय र आवश्यकतामा आधारित बनाइनु अपरिहार्य देखिएको छ ।

**शैक्षिक क्षति न्यूनीकरणमा पठन सिप**ः युगसापेक्षी शिक्षाको जग निर्माणमा परिमाणात्मकभन्दा गुणात्मक

सिकाइको स्तरवृद्धि गर्नु आवश्यक देखिन्छ । सिकाइमा स्टिम पाठ्यक्रम र एकीकृत अवधारणासँगै सिकाइ समयलाई घटाउने तथा सिपगत तालिमको मात्रा बढाउने उपायको खोजी गर्नु सान्दर्भिक हुन्छ। यस विषयमा शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयद्वारा आयोजित प्राध्यापकहरूको पेसागत क्षमता विकास तालिम (सन् २०२४, पीसीईपी) लाई एउटा नमुना अभ्यासका रूपमा लिन सकिन्छ। यसले निर्देश गरेको सहभागितामूलक सिकाइ, शिक्षण र अनुसन्धानगत सहसम्बन्ध, प्राविधिक ज्ञानको प्रयोग तथा प्राविधिक सिकाइको अवधारणा, शिक्षामा संसारको अभ्यास र प्रयोग, लेखन र प्रकाशन, अनुसन्धानमूलक कार्य आदिले पेसागत विकासमा विशेष भूमिका खेल्ने देखिन्छ । यी कतिपय अभ्यास विद्यालयीय तहसँग मेल खान्छन् । धेरै अनुसन्धानहरूले पूर्वबाल्यावस्थामा पठन सिपगत सिकाइ बलियो भएमा भविष्यमा प्राज्ञिक सफलताको एउटा बलियो आधार तय हुने तथा यसले दीर्घकालीन रूपमा सामाजिक र आर्थिक क्षेत्रमा प्रभाव पार्ने तथ्य फेला पारेका छन् (स्नो, ब्रन्स र ग्रिफिन, सन् १९९८) । सहस्राब्दी विकासको लक्ष्य, दिगो विकासको लक्ष्यलगायतका योजनाबमोजिम शैक्षिक समुन्नतिका उपायको खोजी आवश्यक देखिएकाले आधारभूत तहबाटै सिकाइको जग निर्माण गरिनु आवश्यक छ । वस्तुतः उच्च शिक्षाको गुणस्तर सुधार र दक्ष जनशक्ति विकासका उल्लिखित सवालहरूमा पनि विद्यालयीय शिक्षा नै सिकाइको जग हो । वर्तमान सन्दर्भ र समयानुकूल परिवर्तनलाई आत्मसात गर्ने हो भने तल्लो तहबाटै शैक्षिक क्षति न्यूनीकरण गर्ने उपायको खोजी गरिनुपर्छ। यसमध्ये पठन सिपगत विकासको नवीन मान्यता बढी सान्दर्भिक र प्रभावकारी हुने देखिन्छ ।

**दक्षताको जगका रुपमा पढाइ सिप**ः शैक्षिक गुणस्तरलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुनु आवश्यक छ । गरिखाने शिक्षाको विकासमा सिकाइको जगले प्रभाव पार्छ । यसमा लगानी, प्रक्रिया र उत्पादनको पक्ष गाँसिन्छ । यसर्थ शिक्षालाई व्यावहारिक, प्रतिस्पर्धात्मक, गुणस्तरीय बनाउन जग बलियो हुनुपर्छ । विद्यालय, अभिभावक, समाज र सबै खाले सरोकारवालाहरूलाई समेट्ने चक्रीय स्वरूपको गुणस्तरको आधार तय गर्नुपर्छ (कोइराला, २०६४, पृ. ५८) । वर्तमान सन्दर्भमा पढ्दै-कमाउँदै अर्थोपार्जनको आवश्यकतालाई सम्बोधन गर्न सक्षम जनशक्तिको खाँचो छ । अहिले विश्वबजारले ज्ञान क्षेत्रलाई साँघुर्‍याउँदै लगेको छ । यसर्थ अबको उच्च शिक्षा विश्वव्यापीकरणको मुद्दाबाट अलग हुनै सक्दैन (आचार्य, २०७८, पृ. २०५)। यसका लागि सिकाइको जग बलियो हुनुपर्छ। व्यवस्थित, प्रभावकारी र बजारको आवश्यकतामुखी सिकाइका लागि सिकारुमा दक्षता आवश्यक पर्छ । दक्षताको जगलाई उसको पढाइको जगले मुख्य भूमिका खेल्छ किनभने हिँड्न नसक्नेलाई दौडने प्रतियोगितामा भाग लिनका लागि आग्रह गर्न सकिँदैन। अक्षर नचिनेका, पठनबोधमा सक्षम हुन नसकेका सिकारुले दक्षता हासिल गर्न सक्दैनन्। यसर्थ सिकाइका लागि पठन सिपको व्यावहारिक र प्रभावकारी अभ्यास अत्यावश्यक हुन्छ । यस्तो खाले सिकाइको क्रमिकतालाई स्तरगत रूपमा कक्षाका सबै विषयमा लागु गर्नुपर्दछ। अतः यो हरेक तहमा विकसित हुँदै जाने तहगत प्रक्रिया हो ।

**पठन सिप, साक्षरता र गुणस्तर**ः पठनबोधलाई ज्ञान र धारणा विकासको आधार मानिएको छ। प्रारम्भिक कक्षामा पढाइ सिप विकास गर्दै प्रभावकारी शिक्षणका लागि सुरुमा पढ्नका लागि सिकाइ (Learning to Read) र त्यसपछि सिक्नका लागि पढाइ (च्भबमष्लन तय ीभबचल) भन्ने पद्धतिलाई अघि सारिएको छ । विगतमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारओटा भाषिक सिपलाई अवलम्बन गरिएकोमा हाल अन्तर ाष्ट्रिय अभ्यासलाई समेत अध्ययन गरी पठन सिप शिक्षण विकासका लागि ध्वनि पद्धति (Phonics approach) को अभ्यासलाई अघि सारिएको छ। विश्वको अभ्यासलाई हेर्दा घानाले कक्षा १ मा अङ्ग्रेजी पढ्नुअघि स्थानीय भाषाको प्रयोग गरेको, मलावीमा पठन संस्कार विकास गर्न पठन क्लब गठन गरेको, दक्षिण अफ्रिकामा 'लर्निङ फर लिभिङ प्रोजेक्ट, रिड एप्रोज (Learning for Living Project, READ Approach) मार्फत कार्यथलो तथा विद्यालयमा आधारित सहयोग कार्यक्रम सञ्चालन गरेको देखिन्छ। इन्डोनेसियाले बालबालिकालाई प्रारम्भिक तहको पढाइ विकासको अवसर प्रदान गरेको छ भने ल्याटिन अमेरिकाले चाहिँ बालकेन्द्रित अन्तरक्रियात्मक

पद्धतिअनुरूप साक्षरताका कक्षालाई सञ्चालन गरेको छ (राई र अन्य, २०७३, पृ. ८-९) । यसर्थ नेपालमा आधारभूत तहमा पठन सिप विकाससँगै उच्च शिक्षाको गुणस्तर सुधारको अभ्यास अपरिहार्य र सान्दर्भिक देखिन्छ । त्यस्तै बङ्गलादेशमा सन् २०१३ को अक्टोबरदेखि अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राज्य अमेरिकी नियोग (ग्क्ब्क्म्) र बाल बचाउ अन्तर्राष्ट्रिय (Save the children International) द्वारा कक्षा १ देखि ३ मा पढ्ने विद्यार्थीहरूको बङ्गला भाषाको पठन क्षमता सुधार योजनालाई अघि सारिएको छ (मोहनता र अन्य, सन् २०१७, पृ. ९) । घाना (सिन्क्लेयर, सन् २०१५) देखि लिएर इजिप्टमा सन् २००८ बाट (टुर्क, सन् २०१२), इथियोपियामा शिक्षा मन्त्रालय (सन् २०१६) द्वारा प्रारम्भिक कक्षा पठन कार्यक्रममार्फत प्रारम्भिक तहमै पठन सिपको अभ्यासलाई अघि सारेको पाइन्छ । यसर्थ विकासोन्मुख मुलुकहरूमा पठनबोध, सिकाइ र शैक्षणिक प्रक्रियाको नवीनतामा ध्यान दिनु औचित्यपूर्ण देखिएको हो ।

## आधारभूत तहमा पठन संस्कृति र उच्च शिक्षाबिचको सम्बन्ध

रुचिकर सामग्रीलाई प्रभावकारी वातावरण तथा हौसलाका आधारमा अर्थात् रुचिपूर्ण तरिकाले पढ्ने चाहना र अभ्यासले पठन संस्कृतिलाई बोध गराउँछ । यसले सिकारुलाई सिकाइमा रुचि बढाएर अभ्यस्त बनाउने मूल आधार प्रदान गर्दछ । कक्षाकोठामा भौतिक तथा मनोवैज्ञानिक व्यवस्थापन गर्दै शिक्षण कार्यको सहजीकरणका लागि पढाइको प्रशस्त अवसर प्रदान गर्ने गरेमा मात्र सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ (भट्टराई, सन् २०२१, पृ. १५४) । तल्लो तहको पठन संस्कृतिको अभ्यास र जग निर्माणका आधारमा सिकारुले आफ्ना उपलब्धिलाई सन्तुष्टिका रूपमा ग्रहण गर्दै जान्छ । फलतः माथिल्लो कक्षामा उसको रचनात्मक क्षमता, तार्किक दक्षता, बौद्धिक चिन्तनको शैली, अध्ययनशील गुण, प्रमाणमा आधारित शिक्षाको खोज गर्ने बानीको विकासजस्ता दक्षता सम्भव हुने देखिन्छ ।

सिकाइ मनोविज्ञानमा पठन सिप : कमजोर पठन संस्कृति भएका सिकारुले आफूलाई कमजोर नै ठान्ने तथा समाजले उसलाई कमजोरै भएको साबित गरिदिने पद्धति भएसम्म उक्त सिकारुले पठन संस्कृतिलाई छोडेर शैक्षिक, प्राज्ञिक अभ्यासबाटै विमुख हुने सम्भावना बढ्छ । शिक्षित नागरिकले शिक्षित समाज र शिक्षित मुलुक बनाउने हुनाले पठन संस्कृति सम्पूर्ण सिकाइको जग हो । यो कार्य पठन अभ्यास र पठनबोधसँग सम्बन्धित हुन्छ । यसमा आँखा र मस्तिष्कको सक्रियता रहन्छ तर दृष्टिविहीनहरूले भने हात र मस्तिष्कको सहयोग लिन्छन् । प्रारम्भिक तथा आधारभूत तहमा सस्वर पठनमा आधारित अभ्यासलाई राम्रो मानिन्छ भने माध्यमिक तथा उच्च तहहरूमा मौन पठनमा जोड दिइन्छ (ढकाल, सन् २०२०, पृ. ५४) । यसर्थ सस्वर र मौन पठनलाई पठन संस्कृति विकासका आधार मान्न सकिन्छ । यसका साथै द्रुत पठन अभ्यासमा पठनबोध आवश्यक हुन्छ । आधारभूत तहमै विद्यार्थीले पठन सक्षमता विकास नगरीकन उच्च शिक्षाले अपेक्षा गरेको गुणस्तरीय शिक्षाको उद्देश्यलाई पूरा गर्न गाह्रो हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति नीतिको नाममा त्यसको मूल मर्म नै नबुझीकन विद्यार्थीहरूलाई कक्षा चढाउने विद्यालयको सिकाइ उपलब्धि न्यून रहेको छ (भोमी र अन्य, २०७३, पृ. ६८) । नीतिगत रूपमा राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय जनशक्ति विकास र अन्तर्राष्ट्रिय स्तरको सान्दर्भिक उच्च शिक्षामा जोड दिएको छ । विशेषतः मुलुकको समृद्धि र दक्ष जनशक्ति विकासका लागि उच्च शिक्षाका माध्यमबाट प्राज्ञिक, बौद्धिक र चिन्तनशील दक्ष नागरिक तयार पार्ने प्रभावकारी योजनाका सन्दर्भमा भूमिका खेल्नुपर्छ (भट्टराई, २०८१ ख, पृ. ६५) । आधारभूत तहमै स्तरीय जग निर्माण नभएसम्म राष्ट्रिय शिक्षा नीति २०७६ ले राखेका लक्ष्यलाई पूरा गर्न गाह्रो हुन्छ । यसमा पनि हालसम्म भएका अभ्यासमा पठन अभ्यासको नवीनतम आधारलाई अनुसरण गरेर उच्च शिक्षाको उन्नयनमा मुलुकको शिक्षा प्रणाली आकर्षित देखिँदैन ।

**उच्चस्तरीय ज्ञान निर्माणमा पठन सिप**: पूर्वीय दर्शनअन्तर्गत वैदिक भाषिक चिन्तनमा उच्चारण प्रक्रिया र शुद्धतामा ध्यान दिइन्थ्यो । लौकिक संस्कृतको भाषिक चिन्तनमा पाणिनि, कात्यायन, पतञ्जलि आदि अध्येताहरूद्वारा विशेषतः वैयाकरणिक विश्लेषणमा जोड दिएको देखिन्छ । यसमा पनि पाणिनिको सम्प्रदाय बढी महत्त्वपूर्ण रहेको पाइन्छ (बन्धु, २०७०, पृ. १३) । यी सन्दर्भमा वाक्य र तिनको अर्थ, शब्दशक्ति र शब्दबोध तथा प्रयोग, शब्दार्थ सम्बन्ध, पाठबोध, उच्चारण, लेखनका अनुशासन आदिका आधारमा पनि पठन सिपका अनुशासन र अभ्यासको मर्मलाई प्राचीन कालदेखि नै स्वीकार गरेको पाइन्छ । पटकपटक पढ्ने बानी बसेका विद्यार्थीलाई अभ्यस्त भाषामा पढ्न र बोध गर्न सहज हुन्छ । यसर्थ पढाइ प्रवाह, बोध, अर्थ बुझ्ने गरी शब्दको चिनारी र पढ्ने बानीले पढाइ सिपको विकास गर्न सक्ने हुँदा माथिल्लो तहको पढाइलाई सुधार्न तल्लो तहबाट आत्मनिर्भर तह (क्लमभउभलमभलत िभखभ) को पढाइमा जोड दिनु आवश्यक छ । यसमा विशेषतः अलमल नभई पढ्ने; गति, यति र लयको ख्याल गरेर पढ्ने; शब्दको सन्धि, विच्छेद र बनोट प्रक्रियाको ख्याल गरेर पढ्ने; पढ्दा औँलाले देखाएर पढ्ने; मौनवाचनमा गुनगुन नगर्ने र पढाइको आनन्द लिने अभ्यास हुनुपर्छ (पराजुली, २०७४, पृ. १२-१३) । उच्च तहका सन्दर्भमा यो अभ्यास निकै उपयोगी हुने देखिन्छ । पूर्वीय साहित्य चिन्तनको प्रकरण तथा प्रबन्ध वक्रताले पठन र पठनबोधको मर्मलाई सुझाएको पाइन्छ । उच्च शिक्षाका सन्दर्भमा गुणात्मक लेखनभित्र समेटिनुपर्ने व्यञ्जनात्मक अर्थबोधसहितको संरचनात्मक ढाँचामा पठनबोधको सार्थकता रहन्छ । यसर्थ आधारभूत तहको पठन सिपगत अभ्यासले उच्च शिक्षाको पठनबोध क्षमता विकासमा अहम् भूमिका खेल्ने कुरा पुष्टि हुन्छ ।

**तहगत ज्ञान निर्माणमा पठन सिप**: सिकारुमा वर्ण, अक्षर र शब्दलाई आफैँले पढेर अर्थ्याउन सक्ने सक्षमता नभएसम्म उच्च शिक्षाको गुणस्तर कमजोरै रहने देखिन्छ । अधिकांश जिल्लामा विषयका रूपमा मातृभाषा पठनपाठनको योजनाबद्ध व्यवस्था नभएकाले (शिक्षा मन्त्रालय, २०७०, पृ. १०) सिकाइका नवीनतम सिद्धान्त र विधिको समुचित उपयोग गरी साक्षरता अभिवृद्धि गर्ने उपायको खोजी गर्नँपर्ने देखिन्छ । वास्तवमा पढेर सूचना लिने सिपले सिकाइलाई दिगो बनाउँछ । यसबाट विशेषतः राष्ट्रिय शिक्षा नीति २०७६ ले अपेक्षा गरेअनुसार सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास बढाउने एउटा सबल आधार तय गर्न सकिन्छ । फलतः सबै तहका सिकारुमा विषयवस्तुको तहगत ज्ञान निर्माण गर्न तथा धारणा बनाएर अभिव्यक्त गर्न पनि प्रभावकारी पठन सिपगत दक्षता हुनु अत्यावश्यक ठहर्छ ।

## शैक्षिक गुणस्तर प्रवर्धनमा भाषा शिक्षणको उपादेयता

**पठनतत्त्व र यसको उपयोग** : आधारभूत तहको सिकाइलाई मुख्य जगका रूपमा विकास गर्न ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाहको प्रभावकारी अभ्यास, शब्दभण्डार विकासको अभ्यास, पठनबोधको प्रशस्त अभ्यास र लेखाइ सिपमा आधारित दक्षता अत्यावश्यक हुन्छ । प्रभावकारी पठन सिप विकासमार्फत सिकारुमा रचनात्मक कौशल बढाउनु बढी उपयुक्त र सार्थक हुने देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि कक्षा १ देखि १२ सम्मको माध्यमिक शिक्षा र त्यसभन्दा माथिको विश्वविद्यालयीय उच्च शिक्षाको सन्दर्भमा बहुआयामिक विषयलाई समेटेको छ । त्यसमध्ये शिक्षाको गुणस्तर अपेक्षित रूपमा न्यून रहेको सन्दर्भलाई सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि तथा उच्च शिक्षालाई व्यावहारिक, सिपमूलक र प्रतिस्पर्धी बनाउनुपर्ने समस्या र चुनौतीलाई समावेश गरिएको छ । तथापि, विभिन्न अनुसन्धानहरूले प्रारम्भिक कक्षाको पढाइ र सिकाइ कमजोर हुँदा त्यसपछिको शिक्षा स्वतः कमजोर भएको तथ्यका आधारमा सिकाइलाई प्रभावकारी बनाउन पढाइ सिप विकास गर्नु शिक्षणको आधारभूत आवश्यकता रहेको कुरालाई अघि सारेका छन् (शिक्षा विभाग, २०७४, पृ. १) । यसर्थ पढाइ सिपलाई भाषा विषयको सिप मात्र नभएर गणित, विज्ञान, सामाजिकजस्ता अन्य विषयका लागि पनि आवश्यक पर्ने आधारभूत सिप (राई र अन्य, २०७३, पृ. १०)

का रूपमा विकास गर्नु सान्दर्भिक देखिन्छ । तल्लो तहबाटै विद्यार्थीका कमजोरीलाई न्यूनीकरण गरी शैक्षिक क्षति न्यूनीकरण गर्न तथा माथिल्लो कक्षाको पढाइको जगलाई बलियो बनाउन पठन सिप विकासको नवीन प्रक्रियालाई व्यवस्थित रूपमा कार्यान्वयन गर्नु आवश्यक छ । यसका लागि स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाबाटै सुधार गर्नु उपयुक्त हुन्छ (भट्टराई, २०८१ क, पृ. ३२) । तथापि, यसमा उल्लिखित पठनतत्त्वको अवधारणालाई अवलम्बन गर्नु आवश्यक देखिन्छ । यसको उपयोग प्रक्रियालाई तलको घेराचित्रानुसार अवलम्बन गर्न सकिन्छ :

**घेराचित्र १ : पठनतत्त्व उपयोग प्रक्रिया**




**स्रोत : अधिकारी र अन्य, २०७४ ।**

यो घेराचित्रका आधारमा पठन सिपलाई योजनाबद्ध प्रक्रियामार्फत उपयोगी बनाउनु अत्यावश्यक हुन्छ । पठनतत्त्वलाई प्रभावकारी बनाउन शिक्षण योजना विधिलाई समेत प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

गरिबी न्यूनीकरणका लागि पठन सिप : विश्वका केही अध्ययन तथा नेपालमा भएका अध्ययनहरूले पढाइको स्तर कमजोर भएका मुलुकमा सिकाइको अवस्था र शैक्षिक, प्रज्ञिक स्थिति पनि कमजोर हुने तथ्यलाई अघि सारेका छन् । युनेस्कोले सन् २०१२ मा प्रकाशन गरेको विश्वव्यापी अनुगमन प्रतिवेदन (नयिदर्बा :यलष्तयष्लन च्भउयचत) मा बताइएअनुसार विश्वका निम्नआय भएका देशहरूका बालबालिकामा पठन सिप विकास गर्न सकेमा १७१ मिलियन वा १७ करोड १० लाख मानिसहरूले गरिबीबाट मुक्ति पाउँछन् । यसले विश्वको सम्पूर्ण गरिबी (१ अर्ब ४२ करोड ५० लाख मानिसहरू) को १२ प्रतिशतको प्रतिनिधित्व गर्छ (अधिकारी र अन्य, २०७५, पृ. ३) । शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित विभिन्न लेखकहरूका आधारमा कक्षा २ का ४३ प्रतिशत विद्यार्थीले मात्रै देवनागरी लिपिका अक्षरहरूलाई शुद्धसँग पढ्न सक्छन् । कक्षा ३ मा नेपाली भाषा बोल्ने ३६ प्रतिशत विद्यार्थीले दिइएको पाठ्यसामग्रीलाई एक शब्द पनि पढ्न सकेनन् । सन् २०१२ मा विश्व शिक्षाले गरेको अध्ययनअनुसार कक्षा २ का १.५४ प्रतिशत र कक्षा ३ का ३.५२ प्रतिशत विद्यार्थीले मात्रै दिइएको अनुच्छेदलाई शुद्धसँग पढ्न सके । त्यस्तै कक्षा २ का १२.५३ र कक्षा ३ का २३.०८ प्रतिशत विद्यार्थीले मात्रै दिइएका सरल शब्दहरूलाई शुद्धसँग उच्चारण गरे । सेब दि चिल्ड्रेनको सन् २०११ को तथ्यअनुसार कक्षा २ का ८० प्रतिशत विद्यार्थीले एक शब्द पनि पढ्न सकेनन् र उनीहरूको मौखिक पढाइको गति प्रतिमिनेट ५ शब्द मात्र रहेको पाइयो (राई र अन्य, २०७३; अधिकारी र अन्य, २०७५) । यसरी नै कक्षा २ का ३.३ प्रतिशत र कक्षा ३ का १९.९४ प्रतिशत विद्यार्थीले मात्रै सबै अक्षर शुद्धसँग पढेका, कक्षा २ का १.५४ तथा कक्षा ३ का ३.५२ प्रतिशत विद्यार्थीले मात्रै दिइएको अनुच्छेदलाई शुद्धसँग पढ्न सकेका र

कक्षा २ का ८० प्रतिशत र कक्षा ३ का ३६ प्रतिशत विद्यार्थीले चाहिँ दिइएको अनुच्छेदको एक शब्द पनि पढ्न नसकेको पाइयो (आरटीआई, सन् २०१३)। यसर्थ तल्लो तहमै पठन सिपमा कमजोर विद्यार्थीले माथिल्लो तहमा आफूलाई अब्बल बनाउन नसक्ने हुनाले नेपालमा सन् २०१४-२०१९ का लागि पञ्चवर्षीय कार्यक्रमका रूपमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रम स्वीकृत भई लागु भएको देखिन्छ। युएसएआईडीको आर्थिक सहयोगमा सञ्चालित उक्त कार्यक्रमले पढाइ सिपका लागि छओटा पठनतत्त्वगत आधारसहितको संरचनात्मक कार्यगत रूपरेखा तयार पारेको भए पनि हाल उक्त कार्यक्रमलाई निरन्तरता दिन सकेको पाइँदैन। यस सन्दर्भमा विज्ञ एकको यस्तो धारणा रहेको छ :

भाषाका चारओटा सिप हुन्छन् र त्यसमा पढ्ने कुरा भन्थ्यौं। सस्वर वाचनका कुरा गर्थ्यौं। मौन वाचनका कुरा गर्थ्यौं। द्रुतपठन भन्थ्यौं। ...यो अलिक पुरानो भयो। अहिलेचाहिँ पठन भनेको एउटा सङ्केत हो। कुनै चिजलाई चिन्नु हो। जस्तै- हामी आँप, सुन्तला, केरा भनेर फ्याट्ट-फ्याट्ट चिन्न सक्छौं। त्यसै गरेर लिखित वर्णहरू त्यसलाई चिन्नु हो। शब्दहरूलाई चिन्नु हो। अर्थलाई बुझ्नु हो। निश्चित गतिमा पढ्न सक्नु हो। यो बोधसँग पनि सम्बन्धित र पठनको प्रवाहसँग पनि सम्बन्धित र लेखाइमा गएर टुङ्गिने.....ध्वनिबाट सुरु हुने, लेखाइमा गएर टुङ्गिने र सिकारुले जे कुरा ग्रहण गर्छन्, बोध गर्छन् त्यो बोध गर्नेसँग सम्बन्धित कुरालाई चाहिँ पढाइ भनेर बुझिन्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ का आधारमा एकीकृत पाठ्यक्रम तय भए पनि पठन सिपगत अभ्यासमा नेपालको शिक्षा पद्धति आकृष्ट देखिँदैन। यद्यपि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रममार्फत पढाइ सम्बन्धी विश्वव्यापी मान्यताका आधारमा नेपालका सबै सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक क्षेत्रका बालबालिकाले शैक्षिक पहुँच र गुणस्तर प्राप्त गर्ने अपेक्षा गरिए पनि उक्त कार्यक्रमलाई देशभर लागु गर्न सकेको देखिँदैन। यसमा भाषिक सिपका आधारभूत पक्षको विकास अपरिचित भाषाबाट कठिन हुने हुँदा मातृभाषाका माध्यमबाट शिक्षा दिन सुझाइएको छ। यो सन्दर्भ नेपालको बहुभाषिक परिवेश तथा नेपालको संविधान धारा ३१ र ३२ ले निर्क्योल गरेको शिक्षा र भाषाको अधिकारसँग सम्बद्ध रहेकाले शैक्षिक गुणस्तर प्रवर्द्धनमा प्रारम्भिक कक्षाबाटै राम्रो भाषिक सिप विकास गर्नु नेपालको आवश्यकता रहेको देखिन्छ।

### दक्ष जनशक्ति विकासमा पठनबोधको प्रभाव

पूर्वप्राथमिक तहको पढाइ र आधारभूत तहको पढाइ हुँदै सिकारुले सिकाइलाई तहगत रूपमा स्तरवृद्धि गर्दै जान्छ। यो सिकाइलाई प्रभावकारी र स्तरीय बनाउँदै लैजानका लागि सिकाइ वातावरण, उमेरका साथै शारीरिक, मानसिक, सामाजिक आदि परिवेशले प्रभाव पार्छ। उच्च शिक्षामा अब्बल हुनका लागि पूर्वसाक्षरता, पठन सिपको प्रवाह र पठनबोधमा अब्बल हुनु आवश्यक हुन्छ। यद्यपि हस्तक्षेपकारी अर्थात् नियन्त्रित अध्ययन क्षणिक हुन्छ। प्रारम्भिक तहमा भएको पठन सिपगत विकासले दीर्घकालीन फाइदा पुग्छ (डन्कन र अन्य, सन् २०२३)। इन्डोनोसियाले आफ्ना विद्यालयहरूमा भाषिक कौशल विकासका लागि विद्यार्थीहरूलाई पठनबोधको क्षमता विकासमा जोड दिन्छ। यसरी हेर्दा विद्यार्थीहरूको कमजोर पठन कौशलका कारण उनीहरूमा भनिएका तथ्यको अर्थ बुझ्ने क्षमता कमजोर छ। यसका साथै शुद्धता र शब्दभण्डार क्षमता कमजोर हुँदा ज्ञानको कमी भई वाक्य निर्माणमा सही शब्दको छनोट गर्ने कुशलता पनि कमजोर रहेको छ (अर्द्धियन र अन्य, सन् २०२०, पृ. १०८)। यसर्थ आधारभूत तहको पठन सक्षमताले माथिल्लो तहमा आलोचनात्मक सोच, बौद्धिक कुशलता प्रदर्शन, आलङ्कारिक र व्यञ्जनापरक लेखन, गुणस्तरीय भाषा विकास, प्रभावकारी प्रस्तुतीकरणजस्ता लेखाइ र बोलाइ सिपलाई विकास गर्न मद्दत पुऱ्याएको हुन्छ। लेखनका माध्यमबाट पठन सिपको गहनतम पक्षलाई प्रस्फुटन गर्न पठन सिपमा दक्ष हुनु आवश्यक हुन्छ।

पठनबोध र दक्षता विकास : उच्च तहको पठन प्रविधि मौन पठनमा आधारित हुन्छ। यो पठनबोधको

केन्द्रीय कार्यकलाप हो । यो सस्वर पठनभन्दा महत्त्वपूर्ण र उपयोगी हुन्छ (शर्मा र पौडेल, २०७४, पृ. १३२) । व्यक्तिगत र सामाजिक जीवनमा सस्वर पठनको उत्कृष्ट रूप मानिने वाचन कला आवश्यक हुन्छ। भावानुकूल सार्थक र सुस्पष्ट वाचनले श्रोतालाई केन्द्रित गर्ने भए पनि वाचन सम्बन्धी समस्या रहेका व्यक्तिहरूले पनि मौन पठन अभ्यास भने गर्न सक्छन् । यद्यपि दृष्टिविहीनहरूका लागि यसमा वैकल्पिक प्रविधिका रूपमा ब्रेललिपिको प्रयोग गर्नुपर्ने हुन्छ । पठन सिपका माध्यमबाट विद्यार्थीलाई दक्ष बनाउन शैक्षणिक रणनीति, शिक्षकको तयारी, उपयुक्त सामग्री र सिक्ने बालबालिकाको तत्परताले ठूलो भमिका खेल्छ (अधिकारी र अन्य, २०७५, पृ. ५२) । उच्च शिक्षाका सन्दर्भमा मन्तव्य, भावात्मक र रागात्मक अभिव्यक्ति आदि सस्वर पठन सम्बन्धी क्रियाकलापकै पृष्ठभूमिबाट पठनबोधलाई मौन पठनतिर ढाल्न सहज हुन्छ । यसर्थ तल्लो कक्षामा अभ्यास गरिने वर्ण, शब्द र वाक्यको शुद्ध, स्पष्ट, गति, यति र लयपूर्ण, भाषेतर पक्षको ख्यालसहितको पठन, चिन्ह प्रयोगको ख्याल आदिले माथिल्लो कक्षाको पठनबोधलाई प्रत्यक्ष र परोक्ष दुवै तहमा सहयोग गरेको हुन्छ।

सिकाइमा अनुभवको स्थानान्तरण र रूपान्तरणले भूमिका खेल्ने हुँदा सिकाइको आधारभूत सिपका रूपमा आधारभूत तहको पठन सिपका माध्यमबाट माथिल्लो कक्षाका विद्यार्थीहरूलाई रचनात्मक, सिर्जनात्मक, तार्किक, बौद्धिक तथा प्राज्ञिक बनाउँदै लैजान सकिन्छ। यसका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले अघि सारेको नीतिगत, संरचनागत र कार्यक्रमगत क्रियाकलाप र अभ्यासलाई व्यवस्थित रूपमा सञ्चालन गर्नु आवश्यक छ । पठन सिप विकास र यसको प्रभावकारिताका लागि विद्यालयमा गरिने व्यवहार, शिक्षकहरूले गर्ने समान प्रकृतिको माया र सद्भाव, साथीसाथीबिचको सम्बन्ध र व्यवहारलगायतका सहायक क्रियाकलापले निकै ठूलो भूमिका खेलेको पाइन्छ (भट्टराई, सन् २०२१, पृ. १५४) । यसमा पाठ्यक्रम विकास, शैक्षणिक सामग्री विकास, सन्दर्भ सामग्री विकास, दोस्रो भाषा सिकाइ सहजीकरण अभ्यास र प्रयोग, विद्यार्थी मूल्याङ्कन, कक्षाकोठा व्यवस्थापन, शिक्षकको पेसागत तालिम र शैक्षिक गुणस्तर विकास, सामाजिक तथा अभिभावकीय उत्तरदायित्व वहन, शिक्षण विधिको प्रभावकारी प्रयोगलगायतका पठन सिपगत अभ्याससँग सम्बद्ध आधारहरू (अधिकारी र अन्य, २०७५; राई र अन्य, २०७३; शिक्षा विभाग, २०७४) लाई अपनाउनु उपयुक्त देखिन्छ। यस सन्दर्भमा तल दिइएको घेराचित्रानुसार शिक्षण विधिहरूको विविधतालाई व्यावहारिक तुल्याउनुपर्ने देखिन्छ :

**घेराचित्र २ : पठनतत्त्व र शिक्षण विधिहरु**




**स्रोत : शैक्षिक जनशक्ति विकास केन्द्र, २०७५ ।**

यो घेराचित्रले पठन सिपको प्रयोगमा विधिगत विविधतामा जोड दिएको छ। यसर्थ पठन सिपलाई बहुविधियुक्त सिपगत प्रक्रियाका रूपमा लिइन्छ।

**सुझबुझयुक्त पढाइ र दक्षता विकास** : सिकारुमा निपुणता हासिल गराउन पठन सिप सम्बद्ध वर्णमाला सिद्धान्त, ध्वन्यात्मक जागरुकता, मौखिक पठन प्रवाह, शब्दभण्डार र बोधलाई अध्ययनहरूले पठन कौशल विकासका पाँच घटक मानेका छन् यद्यपि हालसम्म पनि शब्दोच्चारण, पठन, शब्दभण्डार, शब्दावलीजस्ता विषयवस्तुमा कमै मात्र अध्ययन भएको देखिन्छ (अर्द्धियन र अन्य, सन् २०२०, पृ. १०९) । यी पक्षमा अब्बल भएपछि उच्च शिक्षाको तहगत सक्षमता विकासमा सहज हुन्छ । अध्ययनलाई हेर्दा वर्णमालाजस्ता सिकाइहरू प्रारम्भिक बाल्यावस्थाका लागि डिकोडिङसँग सम्बन्धित छन् तर शब्दावली पठनजस्ता सिकाइका अभ्यासहरू जीवनभरका लागि आवश्यक शृङ्खलित शैक्षिक सिपहरू हुन् । शब्दावलीको विकासले भाषिक, संज्ञानात्मक र संवादात्मक दक्षता विकासमा प्रभाव पार्छ (पेरिस, सन् २००५, पृ. १८८) । वस्तुतः उच्च शिक्षा सुधार्न तल्लो कक्षाबाटै पढाइलाई सिकाइको जगका रूपमा विकास गरी अभ्यास गराउने परिपाटी बनाउनुपर्ने हुन्छ । यस सन्दर्भमा विज्ञ दुईको यस्तो धारणा रहेको छ :

सिकाइ भनेको चाहिँ पढाइबाट सुरु हुन्छ । पढाइ भनेको सिकाइको एउटा जग हो, आधारशिला हो । त्यसको लागि चाहिँ..पढाइको लागि चाहिँ पढ्नलाई पढ्ने भनिन्छ, नपढीकन सिकाइ हुँदैन भन्छौँ र पढ्ने पनि त्यसको एउटा निश्चित सिप हुन्छ । एउटा दक्षता हुन्छ । त्यसको निश्चित तरिका हुन्छ, विधि हुन्छ । पद्धति हुन्छ । त्यो विधि, प्रक्रिया र पद्धति पूरा गरेर पढेको पढाइबाट चाहिँ वास्तविक सिकाइ हुन्छ ।

भाषामा लेखिएका कुरा पढ्नु, आवाज निकाल्नु मात्रै पढाइ नहुने भएकाले पढाइ साक्षरताको आधार हो । प्रारम्भिक कक्षामा पढ्न सिक्ने र माथिल्ला कक्षाहरूमा सिक्नका लागि पढ्ने भएकाले तल्ला कक्षामा नै पठन सिपको विकास हुनु आवश्यक हुन्छ (अधिकारी र अन्य, २०७५, पृ. ५२) । यस्तो पढाइमा यान्त्रिक पढाइमा नभएर सुझबुझयुक्त अक्षर चिनारीको सार्थक पढाइ आवश्यक हुन्छ ।

समानान्तर पहुँच सुधारमा पठनबोधको आवश्यकता : माध्यमिक तथा उच्च शिक्षामा सोधिने भाषा सम्बद्ध परीक्षाका प्रश्नहरूमा तार्किकता, बौद्धिकता, रचनात्मकता, विश्लेषण क्षमता आदिको अपेक्षा गरिएको हुन्छ । आन्तरिक तथा बाह्य परीक्षामा नेपाली र अङ्ग्रेजीजस्ता अनिवार्य विषयमा पठनबोधयुक्त प्रश्नहरू सोध्ने गरिन्छ । विशेषतः व्याकरणिक प्रश्नहरूमा समेत ज्ञान, बोध, प्रयोग र उच्च दक्षतालाई जाँच्ने अपेक्षा गरिएको हुन्छ । सन्दर्भ दिएर प्रश्न सोध्ने तथा संज्ञानात्मक पक्षको मूल्याङ्कन गर्ने अभिष्ट राखिन्छ । विश्वविद्यालयको सफलताको आधार मुख्यतया कलेजअघिको आधारभूत शैक्षिक सिपको निपुणतामा आधारित हुन्छ । यसमा विशेषतः पढाइ, लेखन, आलोचनात्मक सोच, मौखिक प्रस्तुति र सञ्चारगत साक्षरता हुनुपर्छ । क्याम्पसका प्राध्यापकहरूले यी कुराहरू विद्यार्थीले पहिल्यै सिकेका हुन्छन् भन्ने अनुमान गरेर सिकाउँछन् (बिन, सन् १९९६) तर विश्वविद्यालय तहको प्रथम वर्षमा प्रवेश गर्ने अधिकांश विद्यार्थीहरूमा शैक्षिक पठन कौशलको कमी हुन्छ (हर्मिडाद, सन् २००९, पृ. १) । नेपालको सन्दर्भमा माध्यमिक शिक्षा पढेपश्चात् विदेसिने प्रक्रिया दिनानुदिन बढिरेहेको देखिन्छ । दैनिक आवश्यकता परिपूर्ति गर्न र प्रतिस्पर्धी समाजमा समयानुकूल बाँच्ने बाध्यता भएपछि वयस्क अवस्थाका नागरिकले देश, काल र परिवेशअनुरूप मार्ग निर्माण गर्नुपर्ने हुन्छ । नेपालको सन्दर्भमा प्रविधिको पहुँच विस्तारको विभाजनले ग्रामीण क्षेत्रमा अभाव र अशिक्षासँगै सामाजिक चेतना सहरको तुलनामा कमजोर छ । यसबाट उच्च शिक्षाको पठनपाठन, सिकाइ र यसको गुणस्तरमा असमानता अर्थात् विभाजन छ (भट्टराई, २०८१ ख, पृ. ७०) । हुने खाने र पहुँचवालाले महङ्गो र गुणस्तरीय शिक्षा लिने अवसर पाउँछन् र उनीहरू नै प्रभुत्वशाली बन्दै जान्छन् । यस सन्दर्भमा उच्च शिक्षाले नेपालको आर्थिक, सामाजिक, भौगोलिक, सांस्कृतिक, शैक्षिक विविधतालाई सम्बोधन गरेर समानान्तर पहुँच विकास गर्नु सबैभन्दा बढी चुनौतीपूर्ण रहेको देखिन्छ ।

नेपालमा आङ्गिक, सामुदायिक र निजी तवरका क्याम्पसहरू सञ्चालनमा छन् । विशेषतः शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई अपनाउने ध्येय रहे पनि ग्रामीण भेगमा सञ्चालित धेरैजसो विश्वविद्यालयीय निकायले प्रशासनिक, भौतिक र शैक्षिक प्रभावकारिताको अभावलाई झेलिरहेको देखिन्छ। राजनीतिक हस्तक्षेपले शिक्षाको गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्ने हुँदा नेपालको शैक्षिक स्थितिलाई जगदेखि नै उकास्दै लैजानु आवश्यक छ। उच्च तहमा स्तरीय शिक्षा प्रदान गर्नका लागि पठन सिप कमजोर भई सतही ज्ञानले प्रभाव पारेको हुन्छ। यस सन्दर्भमा विज्ञ तीनले यस्तो विचार प्रस्तुत गरेका छन् :

अब ग्लोबल्ली नै रै'छ थेउरीको कुरा । ६-१० वर्षमा चाहिँ सबैभन्दा बढी बच्चाहरूको चाहिँ प्रलिफिट हुँदो रै'छन् नि । उनीहरूको जति पनि कग्नेटिभ र ऊ...डिभलपमेन्ट भन्ने त ६ देखि १० वर्षसम्मका बच्चाहरूको रै'छ । त्यो भनेको १ देखि ३ कक्षाका पर्दा रछन् । अनि, त्यो स्टेपमा चाहिँ उनीहरूको संवेगात्मक विकास, उनीहरूको मनोवैज्ञानिक विकास हुने रहेछ ।...

कुन ग्राफिक्स युज गर्दाखेरि धेरै उसको चाहिँ बढी छ अनि कुन ग्राफिक्स गर्दा बुझाइ कम हुन्छ भन्ने लेभलमा ग्लोबल्ली चाहिँ रिसर्च हुन्छ । हाम्रोमा त अहिले भाषा नै पनि एड्रेस भा'छैन । त्यसैले धेरै पछाडि छौँ हामी ।

नेपालमा पठन सिपसम्बन्धी धारणा नै कमजोर देखिन्छ । यसर्थ अनुसन्धानमुखी शिक्षण अभ्यास र सुधारको लेखाजोखा गर्ने पद्धतिको विकास गर्नका लागि आधारभूत तहबाटै पठन संस्कृतिको अभ्यास आवश्यक देखिन्छ। विज्ञ ३ को यो माथिको धारणालाई हेर्दा हाम्रो देशले तल्लो तहबाटै अनुसन्धान गर्दै शिक्षण रणनीतिका नवीन धारणालाई अपनाउनु उपयुक्त हुन्छ। यसका लागि मातृभाषा र शिक्षाको सम्बन्धको बारेमा अनुसन्धान गरेर पठन सिपगत अभ्यासलाई देशव्यापी रूपमा उपयोग गर्नु सान्दर्भिक ठहर्छ ।

विद्यार्थी मनोविज्ञान र पढाइ सिप : वास्तवमा ज्ञानको गहिराइलाई खोतल्न सिकारुमा उच्चस्तरीय संज्ञानात्मक कौशल चाहिन्छ । फलतः उसले विश्लेषण गर्ने, संश्लेषण गर्ने, समस्या समाधान गर्ने, संवाद तथा अन्तरक्रिया गर्ने, नयाँ ज्ञानको निर्माण गर्ने र गहन अध्ययन गर्ने कुरामा तार्किक विचार प्रस्तुत गर्दछ (हर्मिडाद, सन् २००९, पृ. २) । यसर्थ उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरूमा सतही ज्ञान नहोस् भन्नका लागि माध्यमिक तहमा पठन सिपगत दक्षताको प्रभावकारी विकास गर्नुपर्छ। विद्यालयको भौतिक, शैक्षिक तथा प्रशासनिक सबै व्यवस्थापनमा विद्यालयका शिक्षक, प्रशासक तथा स्थानीय सरोकारवालाको भूमिका सबैभन्दा बढी रहन्छ (भट्टराई, सन् २०२१, पृ. १५५) । आधारभूत तहबाटै व्यवस्थित पठन सिपलाई सिकाइको जगका रूपमा विकास गरेमा बालबालिकामा पढ्ने, बुझ्ने र प्रस्तुत गर्ने सिपको विकास सम्भव हुन्छ। भोमी र अन्य (२०७३) द्वारा गरिएको एक अध्ययनअनुसार शिक्षकले कहिलेकाहीँ मात्रै गृहकार्य जाँच्ने गर्छन्, छिटो सिक्ने विद्यार्थीले नबुझेको कुरा सोध्छन् तर ढिलो सिक्ने विद्यार्थी चुप लागेर बस्छन् । शिक्षकले पनि छिटो सिक्ने विद्यार्थीलाई सोध्छन्, नजान्नेलाई ध्यानसमेत दिँदैनन् अनि नजान्नेलाई नै गाली गर्छन् (पृ. ६०) । यसै सन्दर्भमा विज्ञ तीनले यस्तो धारणा राखेका छन् :

"ड्रपआउटको एउटा कारणचाहिँ भाषा हो । टिचरले एउटा भन्छ अनि बच्चाले अर्को बुझ्छ, अनि पनिस्मेन्ट खान्छ बच्चाले । अनि, पनिस्टमेन्ट भएपछिचाहिँ घरबाट स्कुल जान्छु भन्छ जङ्गलतिर, खोलातिर गएर खेलेर फर्किन्छ ।"

यसरी हेर्दा पठनतत्त्वहरूको प्रभावकारी अभ्यासले विद्यार्थीलाई विभेद गर्दैन । बरु उपचारात्मक शिक्षण तथा बालमनोवैज्ञानिक शिक्षणमा जोड दिन्छ। यसलाई प्रारम्भिक कक्षा पढाइका लागि उत्कृष्ट अभ्यास मानिन्छ । यस्तो सिकाइ प्रक्रियाले बालबालिकाको पठन सिपगत सक्षमता विकास गर्ने लक्ष्यअनुरूप शिक्षण विधि, शिक्षण प्रक्रिया, कक्षाकोठा व्यवस्थापन, अतिरिक्त क्रियाकलाप, मूल्याङ्कन र उपचारात्मक शिक्षण

प्रक्रिया, बालसिकाइमा अभिभावकीय भूमिकाजस्ता विषयलाई एकसाथ समेट्ने भएकाले यसलाई नेपालमा शिक्षण सिकाइको जग निर्माणको आधार मान्न सकिन्छ (भट्टराई, २०८१ क, पृ. १९) । यसर्थ भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिपमध्ये पठन सिप विकासको नवीन प्रक्रियामार्फत सिकारुमा भाषिक सिपगत दक्षतालाई बढाएर व्यावहारिक सिकाइलाई प्रश्रय दिन सकिने देखिन्छ। यो अभ्यासले सिकारुमा बोध र अभिव्यक्ति क्षमता विकास गरी सिक्न र जान्न चाहेको विषयवस्तुलाई गहिरो तरिकाले बुझ्न मद्दत गर्छ । पठनतत्त्वलाई दिइएको घेराचित्रानुसार उपयोग गर्नु सान्दर्भिक देखिन्छ :

**घेराचित्र ३ : पठनतत्त्वको सफल शिक्षण प्रक्रिया**




**स्रोत : फिलिपसम र एमी, सन् २०१९ ।**

यो घेराचित्रले क्रमिक रूपमा शिक्षण प्रक्रियालाई व्यवस्थित बनाउन सुझाएको छ। यसर्थ पठन सिप सुधारलाई समग्र सिकाइ सुधारको आधारका रूपमा लिनु आवश्यक हुन्छ।

नेपालको उच्च शिक्षालाई प्रभावकारी र गुणस्तरीय नतिजामुखी बनाउन भाषिक सुझबुझमा सहजता आवश्यक हुन्छ । सिकारुलाई सोधिएका प्रश्नको मौखिक तथा लिखित रूपमा सार्थक जवाफ दिन सक्ने, सही र तथ्यपरक प्रस्तुति गर्न सक्ने, अर्थपूर्ण प्रदर्शन र व्याख्या गर्न सक्ने बनाउनका लागि आधारभूत तहबाटै पठन सिपमा पोख्त बनाउँदै लैजानुपर्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले अपेक्षा गरेअनुसार शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवम् शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरयुक्त बनाउने हो भने तल्लो तहमै पठन सिपलाई व्यवस्थित र प्रभावकारी बनाउनु अर्थपूर्ण देखिन्छ। नेपालमा पठन सिपलाई सिकाइको जग ठानेर अभ्यस्त तुल्याउने विषयमा गहन चिन्तन, अभ्यास र प्रयोग गरेको भने देखिँदैन । यस विषयलाई आवश्यक र स्तरीय विषयवस्तुका रूपमा स्वीकार नगरिएकाले पनि नेपालका सन्दर्भमा बालसिकाइ, आधारभूत तहका विद्यार्थीहरूको पठन सिपगत क्षमता विकास र उच्च शिक्षाको गुणस्तरसँग अन्तरसम्बन्ध गाँस्ने शिक्षण प्रक्रिया आवश्यक देखिन्छ।

## पठन सिप, उच्च शिक्षा र अबको बाटो

पठन सिप विकासको सम्बन्ध औपचारिक सिकाइ प्रक्रियाबाट ज्ञान निर्माण गर्दै युगसापेक्षित विवेकको विकाससँग गाँसिएको हुन्छ। यसर्थ पठन सिपलाई जैविक र भौतिक अर्थात् आन्तरिक र बाह्य प्रभावकहरूले भूमिका निर्वाह गरेका हुन्छन् । भाषा सिकाइमा सिकारुको संज्ञानलाई मस्तिष्कीय अवस्थाले मनोवैज्ञानिक रूपमा प्रभाव पारेको हुन्छ (टोम्किन्सन, सन् २०१६) भने बाह्य परिवेशअन्तर्गत विद्यालयीय (औपचारिक) तथा समुदायगत (अनौपचारिक) प्रभावकहरूले भूमिका खेलेका हुन्छन् । बाह्य परिवेशमा आएपछि बालकले जैविक र शारीरिक विकासका निम्ति पाएको परिवेश, प्रकृति र हावापानीबाटसमेत प्रभाव ग्रहण गरेको हुन्छ

(भट्टराई, सन् २०२३) । टोम्किन्सन (सन् २०१६) का अनुसार टेम्पोरल लोब (त् भ्उयचबि यिदभ) शाब्दिक स्मरणसँग सम्बन्धित हुन्छ र वर्णको पहिचानको कार्य ओक्सिपिटल लोब (इअअष्उष्तबि यिदभ) ले गर्छ । त्यसकारण वर्ण र ध्वनि शिक्षणचाहिँ बच्चाको मस्तिष्कको स्नायु प्रणालीसँग सम्बन्धित हुन्छ। बाल्यावस्थामा सिकारुले पाएको जैविकीय वातावरणले उसको सिकाइमा असर पारेको हुन्छ । प्रारम्भिक बाल्यावस्थामा बालबालिकाले बोल्ने, सुन्ने र विभिन्न चित्र तथा सङ्केत हेर्ने अवसर पाए भने २ देखि ६ वर्षको उमेरसम्ममा २,००० देखि १०,००० शब्दभण्डार बढाउन सक्छन्। सक्रिय बालबालिकाले हप्तामा १० देखि २० ओटा शब्द सिक्न सक्छन् (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९, पृ. १४) । आधारभूत तहका विद्यार्थीले आफ्नो उमेरका आधारमा सिकेका शब्दले उनीहरूको शब्दभण्डार क्षमता अभिवृद्धि हुन्छ। माध्यमिक तहमा छिटोछिटो पढ्ने र कुरा बुझ्ने अभ्यासको विकास गर्न आधारभूत तहमै पढाइका क्रममा अक्मकाउने, शब्द छोड्ने, अशुद्ध वाचन गर्ने, उल्टोपाल्टो पढ्ने, अक्षर चपाएर पढ्ने, चिन्ह प्रयोगमा ख्याल नगर्नेजस्ता कमजोरी न्यूनीकरण गर्दै लैजानुपर्ने हुन्छ । यसका लागि आधारभूत र माध्यमिक तहमै वाचनकला शिक्षणसँग सम्बद्ध (अक्षरबोध विधि, हेर र भन विधि, समान ध्वनियुक्त शब्दोच्चारण विधि, अनुध्वनि/अनुकरण विधि, सबैले एकै पटक पढ्ने समवेत पठन विधि, वाक्य पठन विधि, अनुच्छेद पठन विधि, विधागत पठन विधि (शर्मा र पौडेल, २०७७) आदिको प्रशस्त अभ्यास गराउनु उपयुक्त हुन्छ।

वर्तमान नेपालको परिवेशलाई हेर्दा उच्च शिक्षा अध्ययन गर्ने शिक्षार्थीमा अभिधात्मक, व्याख्यात्मक, समीक्षात्मक र सिर्जनात्मक तहको स्तरीय निपुणता हुनुपर्छ। उच्चस्तरीय बौद्धिक र प्राज्ञिक क्षमता विकासार्थ शिक्षार्थीमा पठन संस्कृतिको विकास गरी पठनबोधका माध्यमबाट बोध र अभिव्यक्ति क्षमता विकास गर्न सकिन्छ। थोरै समयमा धेरै कुरा पढ्ने र बोध गर्ने क्षमता विकासका लागि तल्लो तहबाटै अभ्यस्त बनाउँदै लैजाने नीति आवश्यक छ। मानिसले दौडनुपूर्व हिँड्न सक्ने हुनु आवश्यक भए जसरी पढाइ सिपको विकास नगरी शिक्षाको गुणस्तरलाई विकास गर्न सकिँदैन (भट्टराई, सन् २०२१, पृ. १३७) । विद्यार्थीको परिपक्वताका आधारमा स्तरीय पठन नहुँदा उच्च शिक्षाको गुणस्तर प्रभावित हुने हुनाले उच्च शिक्षामा गुणस्तर अभिवृद्धि गर्न आधारभूत तहबाटै पठन अभ्यासको प्रक्रियालाई व्यवस्थित बनाइनुपर्छ।

## निष्कर्ष

पठन सिपको प्रभावकारिताका सवाललाई विशेषतः तल्लो कक्षामै केन्द्रित गरेको देखिन्छ । तथापि, माथिल्लो कक्षाको रचनात्मक, सिर्जनात्मक, विश्लेषणात्मक प्राज्ञिक दक्षता विकासको जग पनि आधारभूत तह नै हो । यसर्थ शिक्षाको जग निर्माणका आधारहरूलाई केलाउँदा सिकाइलाई पठन सिपसँग जोड्न तथा दिगो विकास र उद्यमशीलतामा आधारित दक्ष जनशक्ति तयार पार्न प्रथमतः पठन सिपको प्रक्रियालाई अवलम्बन गर्नुपर्ने देखिन्छ। पठनतत्त्वको प्रभावकारी अभ्यासले तल्लो तहमा पठन दक्षता हासिल गर्न सम्भव हुने देखिन्छ। यसबाट माथिल्लो तहको गुणस्तर सुधारमा रचनात्मक भूमिका खेल्ने देखिएको छ। मुलुकले शिक्षामा गरेको लगानीअनुसार शैक्षिक जनशक्ति उत्पादन भई प्रतिफल प्राप्त गर्नका लागि नागरिकमा सचेतना, बौद्धिकता, विश्लेषात्मक चिन्तन आदि चरहरूले भूमिका खेलेको देखिन्छ। यसर्थ यी उपलब्धिहरूलाई प्राप्त गर्न पठन सिपगत अभ्यासको स्थितिले प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ। वस्तुतः नेपालको शैक्षिक क्षति न्यूनीकरणका लागि शिक्षक तालिम, त्यसको प्रयोग र प्रभाव मूल्याङ्कन आवश्यक देखिएको छ। यसले उच्च शिक्षाको गुणस्तर सुधारमा सघाउ पुऱ्याउने हुनाले माध्यमिक तहको शिक्षालाई स्तरीकरण गर्नुपर्ने देखिन्छ। किनभने, सिकारुको शैक्षिक जग आधारभूत तह हो भने आधारभूत तहको सिकाइको मुख्य आधार प्रभावकारी पठन सिप हो। यसर्थ नेपालको शैक्षिक क्षेत्रलाई रचनात्मक र दिगो बनाउन पठन संस्कृतिको जगलाई बलियो बनाउनुपर्ने देखिएको हो।

हाम्रो जस्तो विकासोन्मुख देशले तल्लो तहमा पठन संस्कृतिलाई व्यवस्थित बनाई माथिल्लो कक्षाको जग निर्माण गर्दै समयानुकूल अब्बल नागरिक तयार पार्नु आवश्यक देखिन्छ । यसो गरेमा कुनै कारणवश बिचमा औपचारिक पढाइ छोडे पनि मुलुकका नागरिकहरू अनौपचारिक रूपमा कमजोर बन्दैनन् । विशेषतः सिकाइ मनोविज्ञानलाई व्यवस्थित बनाएर सिकारुमा पठन संस्कृतिको प्रभावकारी अभ्यास गराउँदा उच्चस्तरीय ज्ञान निर्माण सम्भव हुन्छ । यसर्थ तहगत सक्षमता विकासका लागि पहिलो आधारका रूपमा पठन प्रक्रियालाई व्यवस्थित बनाउनु आवश्यक छ । उच्चस्तरबाटै पठन अभ्यासको अभियानका लागि नेपालका तीनै तहका सरकारले योजनाबद्ध रूपमा अपनत्व र जिम्मेवारी बोध गर्नुपर्छ । विशेषतः स्थानीय सरकारले आधारभूत कक्षामा 'प्रभावकारी साक्षरता विकासार्थ प्रभावकारी पठन अभ्यास' लाई व्यवस्थित बनाउने हो भने उच्च शिक्षा अध्ययनका लागि सक्षम विद्यार्थी निर्माण गर्न सम्भव देखिन्छ । यसले सहस्राब्दी विकास, दिगो विकासजस्ता लक्ष्यमा पुग्न सम्भव तुल्याउने देखिएको हो । यसर्थ वर्तमान समाजले सञ्चार, शक्ति र सहकार्यमा विश्वास गर्ने भएकाले पठन अभ्यासका लागि राज्यका राजनीतिक निकायबाटै अभियान र अभ्यासको नीति तथा कार्यक्रम तय हुनुपर्छ । यसका लागि पठनबोधको प्रभावकारी अभ्यास, सिकारुको दक्षता विकास र सिकाइमा समान पहुँच विकासको प्रभावकारी अभ्यास आवश्यक देखिन्छ । फलतः आधारभूत तहको पठन सिपगत सक्षमताको प्रभावले उच्च शिक्षाको गुणस्तरमा प्रत्यक्ष र परोक्ष दुवै तवरले प्रभाव पार्ने देखिएको छ । यसको कार्यान्वयन र नियमनका लागि शिक्षा मन्त्रालय र स्थानीय सरकारका सरोकार निकायबिचको निष्पक्ष तथा प्रभावकारी समन्वय आवश्यक हुन्छ । निष्कर्षतः पठन सिप विकासको अभ्यास भएमा नेपालका विद्यालयीय तहका पाठ्यक्रम र उच्च शिक्षाबिचको शैक्षिक कार्यक्रममा रहेका दरार चिर्ने बाटोसमेत तय भई उच्च शिक्षामा सकारात्मक प्रभाव पर्न सक्ने देखिएको छ ।

## सन्दर्भ सामग्री

अधिकारी, विष्णुप्रसाद र अन्य (२०७४), *प्रारम्भिक कक्षा पठन सिप विकास :* तालिम स्रोत सामग्री (कक्षा १-३), शैक्षिक जनशक्ति विकास केन्द्र ।

अधिकारी, विष्णुप्रसाद र अन्य (२०७५), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम :* तालिम स्रोत सामग्री, शैक्षिक जनशक्ति विकास केन्द्र ।

आचार्य, भानुप्रसाद (२०७६), *नेपालमा उदारवाद : प्रयोग र परिणाम,* साङ्ग्रिला पुस्तक प्रा.लि. ।

आचार्य, यादव (२०७८), *नेपालमा उच्च शिक्षाः मूल समस्या र समाधानका उपायहरू, विकासको निम्ति शिक्षा,* २५ (१), २०३-२१९ । https://doi.org/10.3126/bns.v45i25.59981

कोइराला, विद्यानाथ (२०६४), *शिक्षामा वैकल्पिक चिन्तन, सामाजिक अनुसन्धान र प्राज्ञिक विकासका लागि प्राज्ञिक मञ्च* (एफो-नेपाल) ।

ढकाल, झगिन्द्रराज (सन् २०२०), पठनकला शिक्षण सिकाइको औचित्य, *सिद्धज्योति इन्टर डिसिप्लेनरी जर्नल (एसआईजे),* अङ्क एक, सिद्धज्योति शिक्षा क्याम्पस, पृ. ५४-६२ ।
https://doi.org/10.3126/sij.v1i0.35149

पराजुली, उत्तरकुमार (२०७४), *प्रारम्भिक कक्षा पढाइ सिप परीक्षण परिचयात्मक पुस्तिका,* शैक्षणिक गुणस्तर परीक्षण केन्द्र ।

बन्धु, चूडामणि (२०७०), *भाषाविज्ञानका सम्प्रदाय,* चौथो संस्करण, एकता बुक्स ।

भट्टराई, रमेश (सन् २०२१), *पठन सिप विकासमा प्रारम्भिक कक्षा पढाइ सिपको सान्दर्भिकता,* एएमसी जर्नल, २ (१), पृ. १३६-१५५ । https://doi.org/10.3126/amcj.v2i1.35795

भट्टराई, रमेश (सन् २०२३), आधारभूत तह (कक्षा १-३) मा पठन सिप विकासका प्रभावकहरू, *एएमसी जर्नल,* ४ (१), पृ. १६९-१८९ । https://doi.org/10.3126/amcj.v4i1.63867

भट्टराई, रमेश (२०८१, क), *आधारभूत तहका सन्दर्भमा भाषिक सिप र पठनतत्त्वगत प्रक्रिया,* विकासको निम्ति शिक्षा, अङ्क २७ (१), पृ. १५-३४ । https://doi.org/10.3126/bns.v27i1.66442

भट्टराई, रमेश (२०८१, ख), *नेपालमा सामुदायिक क्याम्पसका बाध्यता र शैक्षिक रूपान्तरणका सवालहरू, जनज्योति दर्पण २५ औं वर्ष रजत जयन्ती विशेषाङ्क २०८१,* जनज्योति बहुमुखी क्याम्पस, पृ. ६४-७१ ।

भोमी, अरविन्दराम; काफ्ले, अग्निप्रसाद; विष्ट, सोभियतराम र श्रेष्ठ, इन्द्रबहादुर (२०७३), *उच्च तथा न्यून सिकाइ उपलब्धिसँग सम्बद्ध तत्त्वहरू : विद्यालय केस/मामला अध्ययन–१,* शैक्षिक परिवर्तन प्रतिष्ठान ।

राई, झुमप्रसाद र अन्य (२०७३), *प्रारम्भिक कक्षा पठन सिप विकास : शिक्षक स्रोत सामग्री,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

राष्ट्रिय योजना आयोग (सन् २०१७), *नेपाल दिगो विकास लक्ष्यहरू (वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६- २०३०),* नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग (२०८१), *मध्यकालीन खर्च संरचना (आर्थिक वर्ष २०८१/८२-२०८३/८४) तथा वार्षिक विकास कार्यक्रम (आर्थिक वर्ष २०८१/८२),* नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग (२०८१), *सोह्रौँ योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६),* नेपाल सरकार ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७९), *अभिभावक शिक्षा : सहजकर्ताको लागि सन्दर्भ सामग्री,* लेखक ।

शिक्षा मन्त्रालय (२०७०), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (२०१४/१५-२०१९/२०),* कार्यक्रम दस्तावेज, लेखक ।

शिक्षा मन्त्रालय (२०७३), *विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७९/८०),* नेपाल सरकार ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), *राष्ट्रिय शिक्षा नीति, २०७६,* नेपाल सरकार ।

शिक्षा विभाग (२०७४), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम : कार्यान्वयन मार्गदर्शन २०७४,* लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७५), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम तालिम स्रोत सामग्री २०७५,* लेखक ।

सोडारी, सुजन (सन् २०२२), पढाइ सिप शिक्षणका सन्दर्भमा पठन संस्कृति, *इनोभेटिभ रिसर्च जर्नल,* अङ्क १, पृ. २२४-२३३ . https://doi.org/10.3126/irj.v1i1.52523

Abadzi, H. (2006). *Efficient Learning for the Poor: Insights from the Frontier of Cognitive Neuroscience.* Washington, DC: World Bank. Retrieved from: https://openknowledge.worldbank.org/bitstream/handle/10986/7023/366190 Efficien101OFFICIAL0USE0ONLY1.pdf?sequence=1

Ardhian, T., Ummah, I., Anafiah, S., & Rachmadtullah, R. (2020). Reading and Critical Thinking Techniques on Understanding Reading Skills for Early Grade Students in Elementary School. *International Journal of Instruction,* 13(2), 107-118.

Duncan, G., Kalil, A., Mogstad, M., & Rege, M. (2023). Investing in early childhood development in preschool and at home. *Handbook of the Economics of Education,* 6, 1-91.

Hermida, D. J. (2009). The importance of teaching academic reading skills in first-year university courses. *Available at SSRN 1419247*

Mohanta, Ranak Chandra. Lata & Orther. (2017). Improving Early Grade Reading Performance: Results of School Based and Community-based Interventions in Bangladesh. *Bangladesh Education Journal.* Volume 16, Number 2, P. 9-32.

Paris, S. G. (2005). Reinterpreting the development of reading skills. *Reading research quarterly,* 40(2), 184-202.

Pflepsen, Alison, with Amy Pallangyo (2019). *Handbook on Language of Instruction Issues in Reading Programs: A Global Reading Network Resource.* Prepared by University Research Co., LLC. (URC) under the Reading within REACH initiative for USAID's Building Evidence and Supporting Innovation to Improve Primary Grade Assistance for the Office of Education (E3/ED). Chevy Chase, MD: URC. www.edu-links.org

RTI International (2013). *Going to Scale: The Early Grade Reading Program In Egypt:* 2008 -2012. RTI International.

Sinclair, Brenda T. (2015). *Improving early grade reading Instruction in Ghana :A discrepancy gap analyisis. Doctor of education.* Disseertation. University of Soutern California.

Snow, C. E. Burns, M. S. & Griffin, P. (Eds.). (1998). *Preventing reading difficulties in young children.* Washington, D.C.: National Academies Press.

Tomkinson, Karyn (2016). *Indiana reading evaluation and determination (Iread-3) assessmen and third grade retention : Findings from school administrators.* PhD Dissertation. Ball

State University. T.U., Faculty of Education (2024). *Facuty Professional Capacity Enhancement Program (PCEP):* Training Curriculum Mapping and User' Manual. Author. Turk, S. E. A. (2012). *Early garde reading: Egypt.* Ministry of Education Cairo. Egypt.

United Nations Educational, Scientific and Cultural Organization, UNESCO. (2008). Mother tongue matter : Local language as a key to effective learning. Paris : Author. Wallenstein, Immanuel (2015). The world is out of joint. London and New York: Rutledge.

यो लेख विद्यावारिधि अध्ययनका क्रममा आवश्यक तथ्याङ्कसँग सम्बन्धित रहेर तयार पारिएको हो । यो जनमैत्री बहुमुखी क्याम्पसद्वारा आयोजित 'पहिलो अन्तर्राष्ट्रिय सम्मेलन, सन् २०२५' मा प्रस्तुत गरिएको विषय क्षेत्रमा आधारित लेख हो । यसका साथै विद्यावारिधिसँग सम्बद्ध रहेर गर्नुपर्ने अध्ययन, प्रस्तुतिकरण तथा प्रकाशन कार्यमा आर्थिक सहयोग प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग सानोठिमी, भक्तपुरप्रति हार्दिक आभार व्यक्त गर्दछु ।